सुदुरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प.सं. ०८२।०८३
च.नं.

धनगढी, कैलाली,
नेपाल।

मितिः २०८२/१२/१२

## बिज्ञप्ति

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. ११७४ मिति २०८२/१०/०७ को "कर्मचारी विवरण अध्यावधिक गर्ने" विषयको उपसचिव श्री नवराज ओझाद्वारा हस्ताक्षरित पत्रको केही अंशको प्रयोग गर्दै प्रविधिको दुरूपयोग गरी अनधिकृत तवरबाट तोडमरोड तथा सम्पादन गरी "तह मिलान गर्ने सम्बन्धी जानकारी" भन्ने बिषयको झुट्टा व्यहोरा राखी सुदूरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहको नाममा पत्र तयार गरी विभिन्न सामाजिक सञ्जालमा आदान प्रदान भइरहेको देखिएको र सोही पत्रका सम्बन्धमा सरोकारवाला बिभिन्न निकाय र कर्मचारीहरुबाट पनि निरन्नतर सोधनी भइरहेको हुँदा उक्त "तह मिलान गर्ने सम्बन्धी जानकारी" बिषय उल्लेख गरी तयार गरिएको पत्र नक्कली र अनाधिकारिक भएकोले भ्रमित नहुनु हुन सम्बन्धित सबैलाई अनुरोध गर्दछु। साथै यसरी प्रविधिको गलत प्रयोग गरी गैरकानुनी कार्य गर्ने र भ्रम फैलाउने व्यक्तिमाथि छानविन गरी दोषिमाथि प्रचलित कानुन बमोजिम कारवाहीका लागि सम्बन्धित सुरक्षा निकायलाई अनुरोध गरी लेखि पठाई सकिएको छ। अब उपरान्त कोही कसैले पनि यस्ता गैरकानुनी रुपमा झुट्टा सरकारी कागजात तयार पारी सामाजिक सञ्जालको दुरुपयोग गर्दै पोष्ट र शेयर गरी भ्रम फैलाउने कार्य नगर्नु हुन र यस्ता कार्य गरेको पाईएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा सबैमा अनुरोध गर्दछु।

(नवराज ओझा)
प्रवक्ता/उपसचिव

Website:ocmcm.sudurpashchim.gov.np & Email : supa.ocmcmpis@gmail.com,